# कागेश्वरी मनोहरा नगरपालिका
## KAGESHWORI MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (**OFFICE OF MUNICIPAL EXECUTIVE**)
डाँछी, काठमाडौं (**Danchhi, Kathmandu**)
बागमती प्रदेश, नेपाल (**Bagmati Province, Nepal**)

**पत्र संख्या :- ०७७/०७८**
**च.नं.** ४०३४

कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय डाँछी, काठमाडौं बागमती प्रदेश २०७३

मिति : २०७७१२।२६

विषय : विवरण पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालय सबै ।
कागेश्वरी मनोहरा नगरपालिका,
डाँछी, काठमाडौं ।

प्रस्तुत विषयमा प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडा मकवानपुर मिति २०७७१२।१६ च.नं. ७६८ मा प्राप्त पत्र अनुसार द्वन्द्व प्रभावित व्यक्तिहरुको विवरण माग भई आएकोले **"द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि २०७६"** अध्ययन गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयको पत्रमा उल्लेख भएको ढाँचामा त्यस वडा भित्र विगत वर्षहरुमा प्रदेश सरकारबाट यस बमोजिमको सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्यक्तिहरुको विवरण भरी मिति २०७७ चैत्र मसान्तभित्र यस कार्यालय (महिला, बालबालिका तथा समाजकल्याण शाखा वा mabasa.kageshworimun@gmail.com)मा आईपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ । सो समयमा विवरण प्राप्त नभएमा विवरण प्रदेशमा पठाउन नसकिने भएकाले सेवाग्राहीहरु सेवा प्राप्त गर्नबाट वन्चित हुनसक्ने देखिएकोले संवेदनशील भई समयसीमालाई ख्याल राखी विवरण पठाई दिनुहुन साथै समयमा विवरण प्राप्त नभएकाले लाभग्राही मर्का परेमा सोको उत्तरदायित्व सम्बन्धित वडामा रहने व्यहोरा समेत जानकारी गराईन्छ । साथै सो कार्यविधिको PDF File थान १ (निवेदनको ढाँचा सहित) यसै साथ पठाईएको व्यहोरा जानकारी गराईएको छ ।

गिरीराज ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

पत्र संख्या : प्र.०७७/७८
चलानी नं. : ६६८

मिति- २०७७।१२।१६

कागेश्वरी मनोहरा नगरपालिका
नगरपालिकाको कार्यालय
गोठाटार काठमाडौं
बागमती प्रदेश नेपाल
दर्ता शाखा
दर्ता नं. ५६६२
दर्ता मिति ०७७।१२।१६

विषय - सूचना प्रकाशित सम्वन्धमा ।

श्री स्थानीय तह सबै
बागमती प्रदेश ।

उपरोक्त सम्वन्धमा यस मन्त्रालयबाट द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने कार्यक्रम सम्बन्धी मिति २०७७।१२।१३ गतेको नागरिक दैनिक पत्रिकामा प्रकाशित सूचना यसै साथ संग्लन छ । सो सूचना सबै वडा कार्यालय लगायतका सार्वजनिक स्थानहरुमा टाँस गर्ने एवं सार्वजनिक प्रचार प्रसार गर्ने व्यवस्था गर्नुहुन र "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७" को अनुसूची -१ बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र स्थानीय समिति समक्ष पर्न आएका निवेदनहरु समितिबाट छानविन गरी निर्णय सहित रकम निकासाको लागि सिफारिस गरी समयमै पठाउनुहुन उक्त कार्यविधि (मन्त्रालयको **Website** **www.moial.bagamati.gov.np** बाट **download** गर्न सकिने) यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

पेसल कुमार पोखरेल
शाखा अधिकृत

बोधार्थ

श्री जिल्ला समन्वय समितिको कार्यालय सबै,
बागमती प्रदेश :- आवश्यक समन्वय गरी सहयोग गरिदिनुहुन ।

श्रीमान् नगर प्रमुखज्यू,
दफा ६ बमोजिमको सदस्य सचिवमा म.बा.बा. शाखा प्रमुखलाई तोक्ने र विवरण माग गर्न सबै वडामा पत्राचार गर्ने, कार्यविधि र सूचना सबै वडामा पठाउने र विवरण/आवेदन प्राप्त भैसकेपछि स्थानीय समितिको बैठक राख्न सकिने गरी सहायता सिफारिस मन्त्रालयमा गर्ने गरी कार्यारम्भ गर्न मनासिब देखी निर्णयार्थ पेश गरेको छु।
२०७७।१२।१६



श्री प्र. वा.वा. शाखा
२०७७।१२।१८

नागरिक दैनिक - २०७७।१२।१३ गते

प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

## द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने कार्यक्रम सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः-२०७७।१२।१३ गते

संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद,मृतक,बेपत्ता परिवार,घाईते तथा अपाङ्गता भएका व्याक्ति एवं परिवारलाई स्वास्थ्य,सीप विकास तथा क्षमता अभिबृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आर्थिक वर्ष २०७७/०७८ को नीति कार्यक्रम तथा बजेटमा भएको व्यवस्था अनुसार प्रदेश सरकारबाट स्वीकृत **"द्वन्द्व प्रभावित परिवार लाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७"** अनुसार बागमती प्रदेश भित्रका १३ वटा जिल्लाका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यलाई सहायता गर्ने कार्यक्रम रहेकोले कार्यविधि अनुसार विगत बर्षहरुमा प्रदेश सरकारवाट यस बमोजिमको सहायता रकम नलिएका द्वन्द्व प्रभावित व्याक्ति र परिवारका सदस्यले देहाय बमोजिमको कुनै एक शीर्षकमा सहायता प्राप्तिका लागी कार्यविधिको दफा ५ को उप दफा (१) बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको विवरण खुलाई २०७७ चैत्र मसान्त भित्र सम्बन्धित स्थानीयतहमा रहेको स्थानीय समिति समक्ष कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन गर्नुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**सहायता सम्वन्धि व्यवस्था**

**(१) औषधि उपचार**

**(२) सीप विकास**

**(३) स्वरोजगार मूलक व्यवसाय**

थप जानकारीको लागी सम्वन्धित स्थानीय तह र मन्त्रालयको

**website:- www.moial.bagamati.gov.np** वा

फोन नं. ०५७-५२२८४१, ५५२७५१३, ५२७५१४ मा बुझ्न सकिने छ।

## द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्वन्धी कार्यविधि,२०७७

*मन्त्रालयबाट स्वीकृत मिति: २०७७।११।११*

प्रस्तावना: संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सवै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, वेपत्ता परिवार, घाईते तथा अपाङ्गता भएका व्यक्ति एवं परिवारलाई द्वन्द्वको पीडा कम गर्न "द्वन्द्व पीडितका साथ प्रदेश सरकार" भन्ने नाराका साथ द्वन्द्वपीडित परिवारहरुका लागि स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रममा सहयोग गर्न आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटमा भएको व्यवस्था कार्यान्वयन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्वन्धी कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "द्वन्द्व प्रभावित परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सवै किसिमका राजनितिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्ने सहिद, मृतक, बेपत्ता, घाईते तथा अपाङ्गता भएका व्यक्ति तथा द्वन्द्व पीडितका परिवारलाई सम्झनु पर्छ।

(ख) "परिवार" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरुका सहिद, मृतक, बेपत्ता भएका परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, नातिनातिना, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिलाको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिलाको हकमा निजको सासू, ससुरा समेतलाई जनाउँछ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सहायता प्राप्त गर्ने व्यक्ति" भन्नाले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सवै किसिमका राजनितिक आन्दोलनहरुका सहिद, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवार एवं द्वन्द्व पीडितका परिवारको व्यक्ति सम्झनु पर्छ ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडा



(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

(छ) "स्थानीय तह" भन्नाले प्रदेश भित्रका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिका समेत जनाउँछ।

(ज) "स्थानीय समिति" भन्नाले दफा ६ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

३. सहायता सम्बन्धी व्यवस्थाः (१) द्वन्द्व प्रभावित परिवारका सदस्यले देहाय बमोजिम कुनै एक शीर्षकमा सहायता प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई स्थानीय समिति समक्ष अनुसूची -१ बमोजिमको ढाँचामा सूचनाको म्यादभित्र निवेदन दिनु पर्नेछः-

(क) औषधि उपचार,

(ख) सीप विकास तालिम,

(ग) स्वरोजगार मूलक व्यवसाय ।

(२) यस कार्यविधि बमोजिम सहायता प्रदान गर्ने सम्बन्धमा मन्त्रालयले सहायता सम्बन्धी आवश्यक विवरण खुलाई कम्तिमा १५ दिनको सूचना राष्ट्रिय दैनिकमा प्रकाशित गर्नु पर्नेछ।

४. सहायताको सीमाः द्वन्द पीडितले यस कार्यविधि बमोजिम सहायता प्राप्त गर्ने देहायको सहायतामा देहाय बमोजिम खर्च तथा सुविधा पाउने छः-

(क) औषधि उपचारको हकमाः-

(१) द्वन्द पीडितलाई औषधि उपचार वापत सहायता प्रदान गर्दा त्यस्तो द्वन्द पीडितले औषधि उपचार गरी सहायता रकमका लागि निवेदन दिएमा बिल बमोजिम बढिमा रु. ३०,०००/- मा नबढ्ने गरी औषधि उपचार खर्च उपलब्ध गराइनेछ ।

(२) उपखण्ड (१) बमोजिमको व्यक्तिले अस्पतालमा भर्ना भई उपचार गराउँदा परीक्षण तथा औषधि खर्चका अतिरिक्त ७ दिनसम्म खाना खर्च वापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.५००।- दरले खर्च उपलब्ध गराइनेछ ।

(३) यस कार्यविधि बमोजिम औषधि उपचारको लागि सहायता माग गर्ने द्वन्द पीडित व्यक्ति अपाङ्ग भई दीर्घकालसम्म कृतिम सहारा (हिलचियर वा वैशाखि आदि अन्य यस्तै सामाग्री) लिनु पर्ने भएका व्यक्तीहरुले थप सहायता रकम माग गरे उनिहरुको दैनिक जीवनलाई सरल र सहज बनाउने त्यस्ता आवश्यक सहयोगी सामाग्रीको लागि उपखण्ड (१) र (२) को सहायता बाहेक थप बिल बमोजिम रु १०,०००।- मा नबढ्ने गरी सहयोग रकम उपलब्ध गराउन सकिनेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

२

(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

(ख) सीप विकास तालिमको हकमाः- सीप विकास तालिमको लागि सहायता प्राप्त गर्ने द्वन्द पीडित तथा निजको परिवारले घरेलु तथा साना उद्योग कार्यालय वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, CTEVT बाट मान्यताप्राप्त संस्थाबाट आ.व २०७७।०७८ भित्र कम्तिमा १५ दिने तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि पेश गरेमा देहाय बमोजिम सहायता रकम उपलब्ध गराईनेछः-

(१) १५ देखि २१ दिनसम्मको तालिम प्रमाणपत्र भएकोलाई रु २०,०००।-

(२) २१ दिनभन्दा माथिको तालिम प्रमाणपत्र भएकालाई रु ३०,०००।-

(ग) स्वरोजगारमूलक व्यवसायको हकमाः- स्वरोजगार मूलक व्यवसाय गर्न चाहने द्वन्द पीडित तथा निजको परिवारले निवेदन साथ व्यवसाय सञ्चालनका लागि आवश्यक सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना सहित व्यवसाय गर्न चाहेमा रु.५०,०००/- सम्मको बिउ पूँजी उपलब्ध गराउन सक्नेछ ।

५. सहायता प्राप्त गर्ने कार्यविधिः (१) यस कार्यविधि बमोजिम द्वन्द पीडित तथा निजको परिवारले यस कार्यविधि बमोजिम कुनै सहायता माग गर्दा त्यस्तो व्यक्तिले अनुसूची -१ बमोजिमको ढाँचामा सूचनामा तोकिएको म्यादभित्र निवेदन र देहायको कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहमा रहने स्थानीय समितिमा निवेदन गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) आधिकारिक निकायबाट जारी भएको परिचय पत्र वा प्रचलित कानून बमोजिम नेपाल सरकारको आधिकारिक निकायबाट द्वन्द पीडित भनी सूचिकरण भएको पुष्टयाइ गर्ने कागजात,

(ग) आफूले माग गरेको सहयोगको विवरण/प्रकार,

(घ) औषधि उपचारको हकमा चिकित्सकको प्रेश्कृप्सन र औषधि खरिद गरेको सक्कल बिल,

(ङ) स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तिको हकमा व्यवसायका लागि आवश्यक पर्ने सम्बन्धित सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना,

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

(च) सम्बन्धित माग निवेदनसँग पुष्ट्याई हुने अन्य कागजातहरु ।

(२) यस कार्यविधि बमोजिम आवेदन गर्दा दफा ३ को उपदफा (१) बमोजिमको कुनै एक सहायताका लागि मात्र आवेदन दिनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम सहायता वितरण गर्दा बागमती प्रदेश भित्रका सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट प्राप्त अभिलेखलाई आधार मानी जिल्लागत अनुपातको आधारमा वितरण गरिनेछ।

तर जिल्ला प्रशासनको अभिलेखमा नरहेको भए तापनि सत्य निरुपण तथा मेलमिलाप आयोगबाट द्वन्दपीडित हो भनि किटानी सिफारिस गरेको वा द्वन्द पीडित भनि सूचिकरण गरेको वा जारी गरेको परिचय पत्र पेश गरेमा सहायता रकम दिन बाधा पर्ने छैन ।

६. <u>स्थानीय समितिः</u> (१) यस कार्यविधि बमोजिम मन्त्रालयसमक्ष सहायता सिफारिस गर्न र कार्यक्रमको गुणस्तरीयता तथा सदुपयोग सुनिश्चितता प्रदान गर्न सम्वन्धित स्थानीय तहमा देहाय बमोजिम एक स्थानीय समिति हुनेछ :-

(क) प्रमुख/अध्यक्ष, सम्बन्धित स्थानीय तह -संयोजक

(ख) उपप्रमुख/उपाध्यक्ष सम्वन्धित स्थानीय तह -सह संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्वन्धित स्थानीय तह - सदस्य

(घ) प्रशासन योजना महाशाखा/शाखा प्रमुख, सम्वन्धित स्थानीय तह - सदस्य

(ङ) महाशाखा/शाखा प्रमुख, सम्वन्धित स्थानीय तह (स्वास्थ्य क्षेत्र हेर्ने) - सदस्य

(२) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारीले स्थानीय समितिको सचिवको रुपमा काम गर्नेछ।

(३) स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राप्त हुन आएका निवेदन उपर छानविन गर्ने,

(ख) मनासिव देखिएका निवेदनका उपर तोकिए बमोजिमको रकम, तालिम र व्यवसाय सहायता उपलव्ध गराउन मन्त्रालयमा सिफारिस गर्ने,

(ग) सहायता रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(घ) सहायता रकम दुरुपयोग हुन नदिन आवश्यक व्यवस्था मिलाउने,

(ङ) मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार अन्य कार्यहरु गर्ने, गराउने ।

प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश हेटौंडा, मकवानपुर



(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

७. <u>बजेट निकासा प्रक्रिया</u>: (१) स्थानीय समितिको निर्णयबाट सिफारिस भई आएका निवेदन अनुसारको रकम मन्त्रालयले सम्बन्धित स्थानीय तहमा पठाउनेछ र सोही स्थानीय तहबाट सम्बन्धित व्यक्तिको बैङ्क खातामा सहायता रकम उपलब्ध गराइनेछ ।

(२) मन्त्रालयमा प्राप्त हुन आएका निवेदनहरुको छानबिन गरी सहायता रकम उपलब्ध गराउन मन्त्रालयलाई सिफारिस गर्न मन्त्रालयमा देहायको समिति रहनेछः-

(क) सम्बन्धित माहाशाखा प्रमुख - संयोजक
(ख) कानून अधिकृत - सदस्य
(ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
(ग) सम्बन्धित शाखा प्रमुख - सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा मन्त्रालयले सहायता रकम उपलब्ध गराउनेछ।

(४) आर्थिक वर्षका अन्त्यमा खर्च नभई बाँकी रहको रकम गाउँ कार्यपालिका/नगर कार्यपालिकाले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।

८. <u>भुक्तानी प्रक्रिया</u>: दफा ७ बमोजिमको रकम सम्बन्धित स्थानीय तहमा प्राप्त भएपछि सम्बन्धित स्थानीय तहले सम्बन्धित द्वन्द्व पीडीत तथा निजको परिवारका सदस्यको नाममा रहेको बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

९. <u>प्रतिवेदनः</u> स्वीकृत कार्यक्रम अनुसारको आम्दानी र खर्च सहितको वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका/नगर कार्यपालिकाले आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

१०. <u>सहायता रकमको सीमा</u>: यस कार्यविधि बमोजिमको सहायता रकम विनियोजित रकमको सीमा भित्र रहेर उपलब्ध गराइनेछ ।

११. <u>दोहोरो सहायता लिन नहुनेः</u> (१) दफा ३ को उपदफा (१) मा तोकिएका शीर्षकमा एक व्यक्ति वा परिवारका लागि कुनै एक शीर्षकबाट मात्र सहायता उपलब्ध गराइनेछ । त्यस्तो सहायताको लागि निवेदन दिदाँ कुनै एक शीर्षकमा मात्र निवेदन दिनु पर्नेछ।

(२) अघिल्लो आर्थिक वर्षमा मन्त्रालयबाट द्वन्द प्रभावितको लागि प्रदान गरिएको सुविधा एक पटक लिई सकेका द्वन्द प्रभावित व्यक्ति वा परिवारले त्यस्तो सहायता पुनः लिन पाउने छैन र सम्बन्धित स्थानीय समितिले सिफारिस गर्दा र मन्त्रालयले निर्णय गर्दा समेत दोहोरो नपर्ने गरी प्रदान गर्नु पर्नेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौडा, मकवानपुर, नेपाल

(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

१२. <u>झुठा विवरण पेश गरी आर्थिक सहायता लिनेलाई कारवाही</u>: झुठा विवरण वा यथार्थ भन्दा बढी खर्च देखाई स्वीकृत मापदण्ड भन्दा बढी रकम सहायता लिएको पाइएमा सम्बन्धित सहायता रकम लिने व्यक्तिबाट बढी बुझी लगेको रकम र झुठा विवरण पेश गरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१३. <u>मापदण्ड भन्दा बढी सहायता रकम दिने निर्णय गर्ने र खर्च गर्न नहुने</u>: (१) यस कार्यविधिमा उल्लिखित सीमा भन्दा बढी हुने गरी कुनै व्यक्तिलाई सहायता रकम दिन पाईने छैन ।

(२) उपदफा (१) को मापदण्ड विपरित हुने गरी सहायता रकम दिएको पाइएमा त्यसरी दिएको रकम सरकारी बाँकी सरह भुक्तानी दिने अधिकारीबाट असूल उपर गरिनेछ ।

१४. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) यस कार्यविधि बमोजिम सहायता रकम खर्चको लेखा तथा लेखा परीक्षण प्रचलित कानून बमोजिम राख्ने एवं गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिम भएको कामकारवाहीको विवरण मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री

अनुसूची - १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

निवेदनको ढाँचा

पासपोर्ट साइजको फोटो

मिति :

विषय :सहयोग रकम पाउँ ।

श्री संयोजकज्यू
स्थानीय समिति, ----------------------- ।

म राजनैतिक आन्दोलनमा बेपत्ता परिवार /घाइते /अपाङ्गता भएका व्यक्ति /द्वन्द्व पीडित परिवार भएकाले द्वन्द्व प्रभावित परिवारलाई सहायता गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ बमोजिमको औषधि उपचार / सीप विकास तालिम / स्वरोजगार मूलक व्यवसाय सञ्चालनको लागि निम्न लिखित कागजात संलग्न गरी सहयोग रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु।

संलग्न कागजात (संलग्न रहेको रेजा लगाउने)

१.नेपाली नागरिकताको प्रतिलिपि,
२. हालसालै खिचेको २ प्रति फोटो,
३. औषधि उपचारको हकमा चिकित्सकको प्रेश्कृप्सन र औषधि/सामाग्री खरिद गरेको सक्कल बिल,
४. स्वरोजगार मूलक व्यवसाय गर्न चाहने व्यक्तीले व्यवसायका लागि आवश्यक सिपको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, स्थानीय तहको सिफारिस र व्यवसायमा आफ्नो लगानीको कार्ययोजना
५. पहिला यस किसिमको सुविधा नलिएको स्वघोषणापत्र,
६.सम्वन्धित माग निवेदन सँग पुष्ट्याई हुने अन्य कागजातहरु

निवेदकको
नाम थर:
ठेगाना:
दस्तखत:
मिति:

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

(डोरमणि पौडेल)
मुख्यमन्त्री एवं
आन्तरिक मामिला तथा कानून मन्त्री